

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १६ गते शनिबार ❑ 2 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–


## पोखरालाई प्रदुषण रहित शहर बनाउनु पर्छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरालाई प्रदुषण रहित शहर बनाउनु पर्नेमा जोड दिनु भएको छ । पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा. लि. शुक्रबार पोखरामा सम्पन्न भएको पाँचौ वार्षिक साधारण सभाको उद्धघाटन गर्दै मुख्यमन्त्री पाण्डेले उक्त कुरा बताउनु भएको हो ।

पोखरालाई पर्यटनको राजधानी घोषणाको तयारी गरिएको बताउदै मुख्यमन्त्री पाण्डेले पोखरालाई प्रदुषण रहित शहर बनाउन यातायात व्यवसायीहरु नै लाग्नु पर्नेमा जोड दिनु भएको छ ।

निजि क्षेत्रले यातायात क्षेत्रमा गरेको लगानी सुरक्षित गर्न, सरकारको तर्फबाट व्यवशायीलाई निरन्तर आवश्यक सहयोग गर्ने वचन दिदै मुख्यमन्त्री पाण्डेले यातायात क्षेत्रमा अझै सिण्डिकेट भए त्यसलाई हटाउनु पर्नेमा जोड दिनु भयो । सार्बजनिक सवारी साधनमा सुरक्षित र मर्यादित यात्रा गराउन यातायात व्यवशायिको भुमिका जिम्मेवार हुने बताउदै उहाँले पोखरालाई अब बिद्युतीय सवारी साधनको प्रयोगलाई प्रथामिकता दिन आग्रह गर्नु भयो ।

पोखरालाई पर्यटनको राजधानिको रुपमा अघि बढाउदै गर्दा यस क्षेत्रका सडक संजाल यहाँका सवारी साधन सबै प्रविधिमैत्रि र पर्यटक तथा यात्रु मैत्रि बनाउनु पर्नेमा उहाँको भनाई थियो । संस्थामा आबद्ध साना ठुला तथा मिनी बार सहितको स्तरिय भिआईपि सुपर एसी बस, पर्यटक स्तरीय बस गरी १ हजार २ सय ५५ वटा रहेको प्रालिका अध्यक्ष योगेद्र केसीले बताउनु भयो । १ हजार ३ सय २० मध्ये संचालनमा स्थगत भएका ७२ गाडी बाहेक हाल १ हजार २ सय ५५ वटा सार्वजनिक सवारी साधनहरु रहेको उहाँले जनाउनु भयो । लामो तथा छोटो दुरीका रुटहरुमा दैनिक ४ सय २३ रुटहरुमा दैनिक ४ सय ५० भन्दा बढी सवारी साधनहरु नियमति रुपमा सेवा संचालन भईरहेको प्रा.लि.ले दाबी गरेको छ । व्यवसायीहरुले बैज्ञानिक ढंगबाट भाडा समायोजन हुनु पर्ने माग राख्दै आउनु भएको छ । यसमा पेट्रोलिय पदार्थको मुल्यमा करिब १५ दिनमै घटबढ भएर आउने गर्दा समस्या हुने गरेको छ ।

## 'अनुशासन र देशप्रेमको भावनाबाटै भावी पुस्ता सबल'

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले अनुशासन र देशप्रेमको भावनाबाटै भावी पुस्ता सबल बन्नेमा जोड दिनुभएको छ ।

सैनिक आवासीय महाविद्याल, पोखराको १९औँ वार्षिकोत्सवको आज यहाँ उद्घाटन गर्दै उहाँले भविष्यका कर्णधार विद्यार्थीलाई भविष्यको सोच, शिक्षाको महत्व, अनुशासन र देशप्रेमको भावना विकास गर्न सकेमा मात्रै भावी पुस्ता थप सबल बन्ने बताउनुभयो । शिक्षा पेशा आफैँमा गौरवपूर्ण र प्रतिष्ठित पेशा भएको बताउँदै उहाँले पछिल्ला समयमा यसलाई हेप्न थालिएको बताउनुभयो । शिक्षाको महत्व विस्तारै बढ्दै गएको उल्लेख गर्दै प्रधानसेनापति शर्माले यस पेशालाई उदाहरणीय बनाउनुपर्नेमा जोड दिनुभयो । महाविद्यालयमा व्यवस्थापनतर्फ विविएको कक्षा पनि सञ्चालन गर्न लागिएको बताउँदै उहाँले यसबाट लाभान्वित बन्न आग्रह गर्दै स्नातक तहमा विभिन्न कक्षा सञ्चालन गर्न यो सुरुवात भएको र भविष्यमा अन्य विषयमा पनि पठनपाठन सुरु गरिने जानकारी गराउनुभयो । घरपरिवारबाटै उचित शिक्षा, दिक्षा र संस्कारको विकास भई विद्यालय, महाविद्यालयमा अध्ययन गरे पश्चात समाज र राष्ट्रको सेवा गर्ने व्यक्तित्वका रुपमा विकास गर्न सकिने धारणा प्रधानसेनापति शर्माले राख्नुभयो ।

सैनिक कल्याणकारी कोषमार्फत सेनाले शिक्षा, स्वास्थ्य, स्वरोजगार, पूर्वाधार निर्माणलगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याउँदै आएको बताउँदै उहाँले शिक्षा र स्वास्थ्य पहिलो प्राथमिकतामा परेको बताउनुभयो । कोषकै सक्रियतामा देशका विभिन्न भागमा विद्यालय, महाविद्यालय, अस्पताल आदि निर्माण भएको उहाँले बताउनुभयो ।

प्रधानसेनापति शर्माले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई प्रधान सेनापति प्रशंसा निशानबाट सुशोभन गर्नुभएको थियो । विद्यालयका विद्यार्थीबाट नेपालका जातजातिका विभिन्न झाँकी, सांस्कृतिक कार्यक्रम, खुकुरी ड्रिल तथा तेक्वान्दो, कराँते प्रदर्शन गरिएको थियो । उक्त अवसरमा प्रधानसेनापति शर्माले विभिन्न विधामा उत्कृष्ट विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई सम्मान गर्नुका साथै महाविद्यालयको वार्षिक मुखपत्र फुलबारीको लोकार्पण गर्नुभएको थियो ।

## व्यापार मेलाको तयारी तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा यही मंसिर २१ गतेदेखि पोखरामा आयोजना हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाको मुख्य उद्धेश्य उद्यमशीलता विकास भएको जिकिर गरेको छ । आयोजक संस्थाका अध्यक्ष पवनकुमार प्रजापतिले मेला विशुद्ध रुपले उत्पादक र उपभोक्तालाई एउटै थलोमा भेला गराउनु, नयाँ प्रविधि तथा उत्पादनबारे जानकारी पस्किनु र उद्यमशीलता विकासमा समर्पित भएको जिकिर गरे ।

उनले पोखरा उद्योग वाणिज्य संघले २०४२ सालमा देशमै पहिलोपटक राष्ट्रिय औद्योगिक व्यापार मेलाको थालनी गरेको इतिहास कोट्याउँदै भने,'उत्पादक र उपभोक्तालाई एउटै थलोमा ल्याउँदै स्थानीय उत्पादनहरुको प्रवर्द्धन, व्यवसाय बिस्तारको संभावनाको खोजी तथा नयाँ सम्भावनाको खोजी गर्ने त्यो पुनित कार्य सजिलो थिएन । हामी अहिले पनि त्यही लक्ष्यमा अविचलित रुपले लागिरहेका छौँ ।' उनी त्यतिमै रोकिएनन् । २०४९ सालमा गरिएको दोस्रो व्यापार मेला तथा २०५२ सालमा आयोजित पोखरा महोत्सवकै कारण देशैभर मेला र महोत्सवको लहर चलेको जिकिर पनि गरे । 'विषम परिस्थितिमा पनि पोखरा उद्योग वाणिज्य संघले मेलालाई निरन्तता दिइरह्यो । कतिसम्म भने देश आन्तरिक द्वन्द्वमा रुमल्लिँदा र १ सयजनाभन्दा बढी मान्छे भेला हुन नपाउने विषमतामा पनि हामी डग्मगाएनौँ । राष्ट्रिय औद्योगिक व्यापार मेला आयोजना गरी सिथिल अर्थतन्त्र चलायनमान बनाउने जिम्मेवारी निभायौँ,'उनले भने,' बारुदको गन्धले निस्सासिएका नागरिकलाई खुला ठाउँमा आमन्त्रण गरी दुःख बिर्सँदै मनोरञ्जन दिलाउन सफल भयौं ।' उनले मेलाको गुणस्तरीयताबारे प्रश्नहरुको उठेको स्वीकार्दै मंसिर २१ देखि पुस १ गतेसम्म आयोजना हुने मेला पृथक उद्धेश्यमा समर्पित भएको दोहोऱ्याए । 'हामीमाथि पनि प्रश्नहरु छन् तर म यहाँहरुलाई के स्पष्ट पार्न चाहन्छु भने पोखरा उद्योग वाणिज्य संघ नाफामुखी संस्था हैन र हुने छैन,' उनले भने । ३२ औं संस्करणको मेला पनि नाफामुखी नभएर पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य,पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्धेश्यमा समर्पित भएको उनको भनाइ छ ।

मेलामा गण्डकी प्रदेशका विभिन्न जिल्लामा रहेका महिला उद्यमीहरुको उत्पादनको प्रदर्शन, प्रवर्द्धनको लागि विशेष स्टलको व्यवस्था गरिएको बताउँदै उनले महिला उद्यमशीलता विकासकै लीग मेला स्थलमा हस्तकलाका सामग्री बनाउने तालिमका साथै स्वरोजार हुन चाहने महिलाहरुका लागि आवश्यक पर्ने मेसिनरी सामानहरुको प्रदर्शनीको पनि व्यवस्था जानकारी दिए । ती सामानहरु खरिदमा लागत साझेदारी तथा बजारीकरणमा सघाउने व्यवस्था मिलाइएको पनि उनले बताए । संघका महासचिव बलराम आचार्यले 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने नारासहित पोखरा ९, नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजना हुने मेलाले गण्डकी प्रदेशको व्यवसाय बिस्तारको संभावनाको खोजी तथा यो प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने लक्ष्य लिएको बताए । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश तथा पोखरा उद्योग वाणिज्य संघको आयोजना, गण्डकी प्रदेश सरकार,पोखरा महानगरपालिका एवम् नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा मेला आयोजना हुन लागेको उनको भनाइ छ । पोखराको प्रतिष्ठित व्यावसायिक घराना लक्ष्मी हाउसको उत्पादन समृद्धि स्टिल्सको मुख्य प्रायोजन रहेको छ

## गण्डकी प्रदेश प्रहरीलाई ४१औँ आइजिपी रनिङ सिल्डको उपाधि

**रासस**
काठमाडौं, १५ मंसिर

काठमाडौँको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा सञ्चालित ४१औँ आइजिपी रनिङ सिल्ड फुटबल प्रतियोगिताको उपाधि गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले प्राप्त गरेको छ ।

शुक्रबार भएको फाइनल खेलमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको टिमलाई १-० गोल अन्तरले पराजित गरेको थियो । प्रतियोगितामा प्रथम हुने टिमले रु एक लाख एक हजार र द्वितीय हुने टिमले ५१ हजार नगद पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा नेपाल प्रहरी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## अन्नपूर्ण हिमालको 'रोयल्टी' दाबी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ मंसिर

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले अन्नपूर्ण हिमाल आरोहणको रोयल्टी (सलामी) दस्तुरमा दाबी गरेको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल, आरोहीले प्रयोग गर्ने आधार शिविर र मार्ग म्याग्दीको भूगोलमा पर्ने तथ्यसहित रोयल्टी दाबी गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अन्नपूर्ण हिमालको रोयल्टी पाउनुपर्ने दाबी पेश गरिएको जानकारी दिनुभयो । "म्याग्दीको अन्नपूर्ण-४ को भूगोलमा पर्ने अन्नपूर्ण हिमालको रोयल्टी कास्कीको अन्नपूर्ण गाउँपालिकाले मात्र पाउने गरेको छ", उहाँले भन्नुभयो, "यहाँको गाउँपालिकाले आफ्नै भूगोलमा भएको हिमालको रोयल्टीबाट वञ्चित भएकाले तथ्यसहित दाबी पेश गरिएको हो ।" गत वर्षको वसन्त याममा अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेका पाँच समूहका ५४ जनाले रु एक करोड चार लाख २६ हजार चार सय १० शुल्क तिरेका पर्यटन विभागको अभिलेखमा उल्लेख छ । शरद यामका लागि अन्नपूर्ण आरोहणका लागि कसैले अनुमति लिएका थिएनन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले हिमाल लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी दस्तुरलाई तीन तहको सरकारलाई बाँडफाँट गर्दै आएको छ । सन् १९५० जुन ३ तारिकका दिन फ्रान्सका मौरिस हर्गोजले आठ हजार ७१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो । मौरिस हर्जोगले अन्नपूर्ण आरोहण गरेको दुई वर्षपछि सगरमाथाको पहिलो आरोहण भएको थियो ।

अन्नपूर्ण पहिलोपटक मानव पाइला परेको आठ हजार मिटर अग्लो हिमाल हो । हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै विसं २०६८ मा नारच्याङका तेज गुरुङको अगुवाइमा 'मौरिज हर्गोज पदमार्ग'को पहिचान गरिएको थियो । तेह्र वर्षअघि अन्नपूर्ण प्रथम हिमाल म्याग्दीको भूगोलमा पर्ने तथ्य पहिचान भएपछि तत्कालीन जिल्ला विकास समितिको सभाले रोयल्टी माग गरे पनि सम्बोधन भएको थिएन् । पछिल्लोपटक अन्नपूर्ण गाउँपालिकाले रोयल्टीको दाबी गरेपछि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारीको टोलीले स्थलगत अध्ययन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । उहाँका अनुसार आयोगका अध्यक्ष बालानन्द पौडेल, सदस्य जुद्धबहादुर गुरुङ, सरकारका पूर्वमुख्य सचिव डा सोमलाल सुवेदी, पर्यटनविद् रामहरि न्यौपाने, गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय अगुवा र पत्रकारसहितको टोली नारच्याङ हुँदै चार हजार तीन सय पाँच मिटरको उचाइमा रहेको अन्नपूर्ण आधार शिविर पुगेर बिहीबार फर्किएको छ । "राज्य पुनःसंरचनाका क्रममा जिल्ला तहबाट भएको सिफारिसअनुसार यो गाउँपालिकाको नामकरण अन्नपूर्ण हिमालबाट भएको थियो", राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष पौडेलले भन्नुभयो, "राज्यका निकायबाट प्राप्त तथ्याङ्कको आधारमा रोयल्टीको बाँडफाँट हुने गर्छ । हामीले प्रयोग गरेका तथ्याङ्कमा समस्या रहेछ भने त्यसलाई सच्चाउन सकिन्छ ।"

आयोगका सदस्य गुरुङले अन्नपूर्ण आरोहरणको रोयल्टीका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले गरेको दाबीलाई तथ्य र तथ्याङ्कसहित अध्ययनपछि सरकारलाई सिफारिस गरिने बताउनुभयो ।

## विश्वकप क्रिकेट लिगको पहिलो शृङ्खला नेपालमा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको पहिलो त्रिकोणात्मक शृङ्खला घरेलु मैदानमा हुने भएको छ ।

नेपाल, नेदरल्यान्ड र नामिबियाबीच हुने उक्त शृङ्खला आगामी फागुन ५ देखि हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ । नेपालले दुबै टोलीसँग समान दुई खेल खेल्नेछ । अन्तर ाष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)का अनुसार यस संस्करणको खेलमा विभिन्न आठ राष्ट्र सहभागी हुनेछन् । जसमा नेपालसहित नामिबिया, क्यानडा, नेदरल्यान्ड, स्कटल्यान्ड, संयुक्त अरब इमिरेट्स (युएई), ओमान र अमेरिका छन् । लिग सन् २०२७ सम्म सञ्चालन हुनेछ । यसअघि सन् २०१९ देखि २०२३ सम्म भएको अघिल्लो संस्करणको लिगमा नेपालले तेस्रो स्थान हासिल गरेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आर्मीलाई हराउँदै मधेश प्रदेशले जित्यो केपी ओली कपको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

विभागिय टोली नेपाल आर्मीलाई ११ रनले हराउँदै ' प्रथम केपी ओली कप राष्ट्रिय टि २० क्रिकेटको उपाधि मधेश प्रदेशले जितेको छ।

मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा पोखरा रंगशालामा भएको फाइनलमा खेलमा मधेशलाई जिताउन हरिशंकर शाहले महत्वपूर्ण भूमिका निर्वाह गरे । जवाफी १३६ रन पछ्याएको नेपाल आर्मी १२४ रन मात्रै बनाउन सकेको हो। आर्मीलाई पराजित गर्न हरिशंकरले ४ महत्वपूर्ण विकेट हात पारे।

मधेशका कप्तान समेत रहेका हरिशंकरले आफ्नो चार ओभरको वलिङमा १९ रन खर्चिएर आर्मीका ओपनर विनोद भण्डारी, वाशिर अहमद, कुशल मल्ल र राजेश पुलामीलाई आउट गरे। उनी म्यान अफ दि म्याच समेत घोषित भए।

उपाधि संगै मधेश प्रदेशले नगद रु ५ लाख रुपैयाँको साथमा ट्रफी हात परेको छ भने नेपाल आर्मीले उपविजेता हुँदै नगद रु २ लाख ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा म्यान अफ दि सिरिजको उपाधि मधेश प्रदेशका हरिशंकर शाह भए । उनले नगद ३० हजार हात पारे । प्रतियोगितामा वेष्ट बलर कुल १० विकेट लिएका सन्दिप लामिछाने र वेष्ट व्याटरको उपाधि रित गौतम हुन सफल भए । उनले कुल १७० रन बनाएका थिए। उनीहरु दुवै जनाले जनही नगद २०-२० हजार प्राप्त गरे।

जितका लागि १३६ रन पछ्याउने क्रममा नेपाल आर्मीका लागि ओपनर सन्तोष कार्की १३ बलको सामना गर्दै तिन चौका प्रहार गर्दै १६ रन जोडे। उनलाई प्रदिप पासवानलाई पेभिलिएन फर्काए। कप्तान विनोद भण्डारी सम्हालिएर खेल्ने प्रयास गर्दै ३० बलमा ३२ रन बनाए । उनले ५ चौका समेत हाने । ५ रन बनाएका रोहित पौडेल प्रतिक यादवको बलमा आउट भए । प्रदिप पासवानको बलमा आउट भएका भिम सार्कीले २२ र बाशिर अहमदले २ रन बनाउँदा कुशल मल्ल डक आउट भए। राजेश पुलामीले ३ रन बनाए। अन्तिम विकेटका लागि सोमपाल कामी र विवेक यादवले पारी सम्हाल्ने प्रयास गरे पनि मधेशले त्यो सफल हुन दिएन। विवेकले २५ र सोमपालले १६ रनको योदान दिँदै नट आउट रहे।

प्रतियोगितामा टस जितेर ओपनिङ गरेको मधेश प्रदेशले निर्धारित २० ओभरमा ८ विकेटको क्षतीमा १३५ रन बनाएको हो । मधेशका लागि सातौं विकेटका लागि क्रिजमा छिरेका विशाल पटेलले ३२ बलमा ३ चौका र ३ छक्का प्रहार गर्दै ४९ रनको व्यक्तिगत योगदान दिए । ओपनर तथा टिम क्प्तान हरिशंकर शाहले २१ बलमा ३ चौका र २ छक्काको मद्धतले २७ रन बनाउँदै विवेक यादवको बलमा क्याच आउट हुँदै पेभिलियन फर्किए।

त्यस्तै अर्को ओपनर अनिल शाह एक छक्का प्रहार गरे पनि सोमपाल कामीको धरापमा परे। इमरान खान शाहव आलमको वलमा आउट भए।

उनले ८ रनको योगदान दिंदा ३ रन बनाएका मयन यादव समेत शाहवकै बलमा बोल्ड भए। ९ रन बनाएका पवन सराफ विवेक यादवको बलमा आउट भए। १४ रन जोडेका हिमासुं दत वसिर अहमदको बलमा बोल्ड हुँदा १० रनको व्यक्तिगत योगादन दिएका विशाल शुसलिङ विवेक यादवको बलमा बोल्ड हुन पुगे। रुपेश सिंह यादवकै बलमा डक आउट हुँदै पेभिलियन फर्किए। प्रदिप पासवनले ४ रन बनाए।

गत मंसिर ७ गतेबाट सञ्चालन भएको प्रतियोगितामा १२ टिमको सहभागिता रहेको थियो । समापन कार्यक्रममा विजेता टिम तथा खेलाडीहरुलाई पूर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले नगद तथा ट्रफी वितरण गरेका थिए। समापन कार्यक्रम एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भएको थियो।

# जिसस कास्कीद्वारा पहिलोपटक उपभोक्ता समितिलाई प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा उपभोक्ता समितिहरूलाइ पहिलोपटक एक दिने प्रशिक्षण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।

कास्कीका विभिन्न बिकास निर्माणका कामलाई ब्यबस्थित र गुणस्तरीय बनाउने लक्ष्य अनुरूप गुणस्तरीय बिकास निर्माणमा उपभोक्ता समितिको भुमिका बिषयमा प्रशिक्षण प्रदान गरिएको हो । सो प्रशिक्षण कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। प्रमुख पौडेलले उपभोक्ता समितिहरू बिकासका लागि सरकारका सहयात्री र सारथि भएको बताउनु भएको छ। पौडेलले कुनै पनि बिकास आयोजनाको सफलतामा महत्त्वपूर्ण भुमिका उपभोक्ता समितिको रहने भएको हुदा निर्दिष्ट गुणस्तर कायम गर्न सचेत र प्रभाबकारी भुमिकाका लागि प्रशिक्षण आयोजना गरिएको उल्लेख गर्नुभयो।

कतिपय बिकास आयोजना निर्माण कम्पनी र कहिलेकाही उपभोक्ता समितिका लापरबाहीका कारण समेत अलपत्र परेको अनुगमनका क्रममा देखिएपछि गुणस्तर साथै आबश्यक सीप वृद्धिका लागि उक्त तालिम आयोजना गरिएको बताउनुभयो । पौडेलले राज्यको लगानीमा लापरबाही गर्ने छुट कसैलाई पनि नभएको भन्दै अब पनि कमिकमजोरी नसच्चिए कसैले पनि उन्मुक्ति नपाउने उल्लेख गर्दै आम जनताको गुनासो सुन्न र सफल समन्वयका लागि गुनासो डेस्क समेत स्थापना भएको जानकारी दिनुभयो। उहाँले कुनै कमिकमजोरी देखिएमा तत्काल जि स स को उजुरी पेटिका ,फोन वा इमेल द्वच्कस्कि२ग्मैल मार्फत सूचना दिन आग्रह गर्दै तत्काल समाधानको पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उपभोक्ता समितिले आफ्नो कम र जिम्मेवारीलाई प्रभाबकारी बनाउन सके अन्य सरोकारवाला चनाखो हुने भन्दै निष्पक्षता र पारदर्शीतामा समितिहरूले ध्यानदिनु पर्ने पौडेलको भनाइ थियो। जनप्रतिनिधि ,राष्टसेवक, कर्मचारी र उपभोक्ता सहित सबै सरोकारवालाहरूले समन्वयात्मक तबरले काम गरे मात्रै हामीले चाहेको बिकास र समृद्धि सार्थक हुने उहाँको भनाइ थियो। प्रशिक्षणमा पूब सि डि इ भुपेन्द्र गौचन, कोष तथा लेखा नियन्त्रण कार्यालयका केशवराज ढकाल ,जिल्ला समन्वय समिति कास्कीका शाखा अधिकृत झबिश्वर रेग्मी, सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा कास्कीका पाँच पालिकाका उपभोक्ता समितिका अध्यक्ष तथा पदाधिकारीको उपस्थिति रहेको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न प्रशिक्षण कार्यक्रममा स्वागत उप - प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नबराज बरालले गर्नुभएको थियो।

# पुम्दीभुम्दीमा अलकत्र पकाउदा मानव स्वास्थ्यमा प्रतिकुल असर परेको स्थानीयको गुनासो

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर



पोखरा २२ (पुम्दीभुम्दी) मा सडक पिच बनाउनको लागि अलकत्र पकाउदा मानव स्वास्थ्यमा प्रतिकुल असर परेको स्थानियले गुनासो गर्नु भएको छ।

पोखरा २२ को केही सडक सहित पोखराका केही वडाहरुमा समेत पुम्दीभुम्दीमा पकाएको अलकत्रले मानव स्वास्थ्यमा नै असर पर्ने गरी वातावरणमा कालो धुवाको मुस्लोले मानव स्वास्थ्यमा असर परेको भन्दै स्थानियले गुनासो गर्नु भएको हो। पोखरा २२ स्थित भुलभुले भन्ने स्थानमा अलकत्र पकाउन दिनुले पोखरा २२ का बासिन्दालाई हाल श्वास प्रश्वासमा समेत असर पर्ने गरी केहीलाई उक्त धुवाको कारण खोकी लागेको गुनासो गर्नु भएको हो।

यसैबिच, स्थानिय परिवर्तन क्लवले उक्त परियोजना गाँउमा संचालन हुदा सार्वजनिक सुनुवाई र उपभोक्ताको स्वास्थ्यको अध्ययन बिना अलकत्र पकाउदै आएको आरोप लगाएको छ। साथै क्लवका अध्यक्ष कमल बराल सहितको एक टोलीले पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराललाई उक्त परियोजना हटाउन माग गर्दै ध्यानाकर्षण समेत गराउनु भएको छ। साथै उक्त परियोजनाको कारण यस क्षेत्रका बासिन्दाहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएको क्लवले जनाएको छ। यस्ता अनैतिक कार्यको अनुमति कस्ले र कुन निकायले दियो भन्दै क्लवले प्रश्न गर्दै स्थानियको स्वास्थ्यलाई मध्यनजर गर्दै सो कार्य तत्काल बन्द गर्न गराउन माग समेत गरेको छ। यस बिषयमा पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले पिच सडक बनाउने उद्धेश्यले उक्त परियोजना गाँउमा राखिएकोले हाल स्थानियको जनगुनासो आएसंगै उक्त परियोजनाबाट निस्केको धुलो तथा धुवाको उचित व्यबस्थापन गर्नुपर्ने बताउनु भयो । प्राविधिक हिसावले स्थानियले भने अनुसारको उक्त परियोजनाबाट धुलो धुवा अस्वभाविक ढंगबाट आएको खण्डमा वडाले त्यस बिषयमा के गर्ने पछि निर्णय लिने उहाँले बताउनु भयो।

# गण्डकी ...

प्रधान कार्यालय टिमका शङ्कर घर्तीमगर सर्वोत्कृष्ट खेलाडी, गण्डकी प्रदेश प्रहरी कार्यालय टिमका आशिष थारू सर्वाधिक गोलकर्ता र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय टिमले फेयर प्ले अवार्ड प्राप्त गरी १०/१० हजार पुरस्कार प्राप्त गरेका छन्।

निमित्त प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राईले आज एक समारोहका बीच प्रतियोगितामा विजयी हुने गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा टिमका खेलाडी तथा अफिसियललाई पदक, प्रमाणपत्र, रनिङ कप र नगद पुरस्कार प्रदान गर्नुभयो । निमित्त प्रहरी महानिरीक्षक राईले प्रतियोगितामा विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई ट्रफी, नगद पुरस्कार तथा प्रमाणपत्र एवम् म्याच रेफ्री, तथा अन्यलाई मायाको चिनो प्रदान गर्नुभयो।सोअवसरमानिमित्तप्रहरी महानिरीक्षक राईले खेलाडीबाट प्रदर्शन भएको अनुशासन, खेल कौशल र सामूहिक भावना नेपाल प्रहरीभित्रको भातृत्वभाव र स्व-अनुशासनको प्रतिविम्ब भएको उल्लेख गर्दै खेलकुदले सिकाउने यस्ता व्यावसायिक गुण र आचारण आत्मसाथ गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँले नेपाल प्रहरीमा खेलकुदलाई अझै सशक्त बनाउन नेपाल प्रहरी खेलकुद समितिबाट सम्भाव्यता खोजी हुने विश्वास व्यक्त गर्नुभयो।

नेपाल प्रहरी खेलकुद समितिका सदस्य सचिव प्रहरी अतिरिक्त महानिरीक्षक सन्दिप भण्डारीले फाइनल खेलका म्यान अफ दि म्याचलाई पुरस्कार तथा द्वितीय हुने टिमका खेलाडी तथा अफिसियललाई पदक, प्रमाणपत्र, तथा नगद पुरस्कार प्रदान गर्नुभयो । यही मङ्सिर ६ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका साथै सातवटै प्रदेश प्रहरी कार्यालयका १० वटा टिमको सहभागिता रहेको थियो।

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दाः

◆ सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं।
◆ विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं।
◆ भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।
◆ विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## विश्व एड्स दिवस :
# समुदायको नेतृत्वमा एड्स अन्त्य गरिने

**–शरद् शर्मा/रासस**
काठमाडौं, १५ मंसिर

सरकारले समुदायको नेतृत्वमा नै एड्स तथा एचआइभी सङ्क्रमण अन्त्य गर्ने लक्ष्य लिएको छ। समुदायस्तरमा नै सङ्क्रमितहरू बढी अपहेलित पर्ने भएकाले समुदायलाई एड्स अन्त्य गर्ने अभियानमा सहभागी गराउने भएको छ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा सञ्जयकुमार ठाकुरले समुदायको नेतृत्वमा एड्स अन्त्य गर्नका लागि यस वर्षको नारा नै 'समुदायको नेतृत्वमा एड्स अन्त्य गरौँ' राखिएको बताउनुभयो । नेपालमा सन् २०३० सम्ममा एड्सलाई अन्त्य गर्नका लागि राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ अघि सारिएको छ।

रणनीतिअनुसार नेपालबाट एड्स अन्त्य गर्नका लागि ९५/९५/९५ अभियान सञ्चालन गरेको छ । "एड्स सङ्क्रमितकै समुदायलाई सक्रिय बनाएर एड्स अन्त्य गर्ने अभियान रहेको छ," उहाँले भन्नुभयो, "समुदायलाई नै अगाडि बढाउँदा एड्सप्रति अपहेलना घट्ने र अन्त्य हुनेछ।" झन्डै ९५ प्रतिशतले एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण थाहा पाउने, ९५ प्रतिशत औषधिको उपचारमा पहुँच र औषधि खानेहरूमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून मात्रामा रगतमा राख्न सक्यो भने उन्मूलन गर्न सकिने उहाँको भनाइ रहेको छ। उहाँले ९५/९५/९५ अभियानको ९२ प्रतिशत सफलता प्राप्त गरिसकेको बताउनुभयो । "३० हजार सङ्क्रमितमध्ये हामीले करिब २४ हजार पत्ता लगाइसकेका छौँ," उहाँले भन्नुभयो, "पत्ता लगाएका बिरामीमध्ये ८४ प्रतिशतले नियमित औषधि सेवन गरिरहेका छन् ।" उहाँले औषधि खाइरहेका सङ्क्रमितहरूमा भाइरस रगत एकदम न्यून रहेको छ। "औषधि खाइरहेकामध्ये ९७ प्रतिशतभन्दा बढीको रगतमा भाइरस न्यून मात्रामा रहेको छ," उहाँले भन्नुभयो, "अलिकति जोडबल गऱ्यो भने सन् २०३० सम्म एड्स अन्त्य गर्ने नारा साकार हुन सक्दछ ।" नेपालमा ९२ प्रतिशतले सङ्क्रमित पत्ता लगाइसकेको, ८४ प्रतिशतले औषधि खाइरकेको र ७२ प्रतिशतको रगतमा भाइरसको भार (भाइरल लोड) न्यून मात्रामा रहेको केन्द्रका निर्देशक डा ठाकुरले जानकारी दिनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले एचआइभी सङ्क्रमितमाथि अझै पनि समाजमा लाञ्छना र भेद्भाव रहेकाले हटाउन आवश्यक रहेको बताउनुभयो । "अझ पनि समाजमा एचआइभी सङ्क्रमितलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिएको छैन," उहाँले भन्नुभयो, "सङ्क्रमितलाई हेर्ने दृष्टिकोणमा परिवर्तनका लागि हामीले समाजको नेतृत्वलाई नै अगाडि सार्ने अभियानमा रहेका छौँ।"

नेपालमा सन् २०१० को तुलनामा एचआइभीको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्यामा कमी आएको छ। केन्द्रका निर्देशक डा ठाकुरका अनुसार २०१० को तुलनामा अहिले ८० प्रतिशत मृत्युदर घटेको पाइएको छ । सन् २०२२ मा तीन सय ४४ जनाको एड्सका कारणले मृत्यु भएको थियो । जबकि सन् २०१० मा एक हजार सात सयजनाको मृत्यु भएको थियो। अहिले दैनिक एकजना नयाँ सङ्क्रमित फेला पर्ने गरेका छन्भने एकजना सङ्क्रमितको निधन हुने गरेको छ। अहिले ७७ प्रतिशतको दरले नयाँ सङ्क्रमण घटेको छ। नेपालमा सन् २०२२ मा चार सय ८८ जना व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ । जुन २०१० को तुलनामा ७७ प्रतिशतले कम हो । सन् २०२२ मा ५२ जना बालबालिकामा (जन्मेदेखि १४ वर्ष) उमेरमा नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ । सन् २०१० मा दुई सय ७७ जना बालबालिकामा सङ्क्रमण भएको थियो । २०१० को तुलनामा नयाँ बालबालिकामा हुने सङ्क्रमण पनि ७७ प्रतिशतले घटेको पाइएको छ। सन् २०२२ को अन्त्यसम्म नेपालमा कूल सङ्क्रमितमध्ये २३ हजार दुई सय ९३ जनाले एन्टिरेट्रोभाइरस (एआरभी) उपचार लिइसकेका छन् । यी सङ्ख्या भनेको कूल एचआइभी सङ्क्रमितमध्ये ७८ प्रतिशतले एआरभी उपचार लिइरहेका छन्।

कूल सङ्क्रमितमध्ये शून्य दशमलव १२ प्रतिशत सङ्क्रमण वयस्क मानिसमा र ४५ जना १४ वर्षभन्दा मुनिका बालबालिकामा एचआइभी सङ्क्रमण भएको तथ्याङ्कमा देखाइएको छ । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले सरकारले रणनीतिअनुसार एचआइभी एड्सका काम गरिरहेको बताउनुभयो। उहाँले उपचारबाट बाहिर रहेका करिब छ हजार सङ्क्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य पूरा हुने बताउनुभयो । उपचार गरी भाइरल लोड ठीक भएका सङ्क्रमितको समाजमा घुलमिल भई जीविकोपार्जनसम्बन्धी कार्यक्रम ल्याउन आवश्यक रहेको छ।

**वैदेशिक रोजगारीमा जानेहरू उच्च जोखिममा**

नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेसिने युवाहरू रहेका छन् । तीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरू जोखिम समूहभन्दा उच्च रहेको छ। सन् २०२० को राष्ट्रिय सर्वेक्षणअनुसार सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ। यस्तै सन् २०१७/१८ मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा दुई दशमलव दुई प्रतिशत र पुरुष समलिङ्गीमा छ दशमलव दुई प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ। कोशी, लुम्बिनी तथा सुदूरपश्चिमका जिल्लामा गरिएको सर्वेक्षणले भारतमा काम गर्ने नेपालीमा एचआइभी सङ्क्रमण एक प्रतिशतभन्दा कम रहेको पाइएको छ।

नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देशन गरेअनुरुप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारका लागि विदेसिने तथा तिनका दम्पती तथा जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम एवं सङ्क्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ।

अहिले ६१ जिल्लाका ८५ एआरटी सेन्टरबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध रहेको छ। देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने सङ्क्रमण रोकथाम (पिएमटिसिटी) गर्न समुदायमा आधारित पिएमटिसिटी कार्यक्रम सञ्चालनमा छ।

यसअन्तर्गत प्रसूति केन्द्रहरूमा गर्भवतीमा एचआइभी निःशुल्क जाँच सुविधा छ । देशका ७७ वटै जिल्लामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट एचआइभी परामर्श तथा परीक्षण केन्द्र रहेका छन् ।

**सङ्क्रमण रोक्ने चुनौती** नयाँ एचआइभी सङ्क्रमण रोक्न तथा हालसम्म सेवा नपाएका जोखिम समूहलाई प्राथमिकतामा राखी समयमा नै गुणस्तर सेवाको पहुँच पुऱ्याउनुपर्ने, प्रदेश एवं स्थानीयस्तरमाप्रयोगशालासम्बन्धी सेवाको क्षमता अभिवृद्धि गर्नुपर्ने, मानव संशासन, बजेट, पूर्वाधारको विकास गर्न जरुरी रहेको बताइएको छ।

यस्तै, नयाँ एचआइभी सङ्क्रमितलाई उपचारका लागि अन्यत्र पठाउने व्यवस्था गरी यथाशीघ्र उपचारको व्यवस्था गर्नुपर्ने देखिन्छ । एचआइभी सङ्क्रमितलाई प्राथमिकतामा राखी सिकिस्त सङ्क्रमित र स्वस्थ सङ्क्रमित केन्द्रित उपचार केन्द्र सञ्चालन गर्नुपर्ने जस्ता चुनौती रहेका छन् । अहिले पनि करिब छ हजार सङ्क्रमित फेला पार्न सकिएको छैन । ती सङ्क्रमित पत्ता लगाई नियमित उपचारमा ल्याउनका लागि समस्या रहेको छ । यस्तै, एचआइभी सङ्क्रमितको भाइरल लोड परीक्षणको सेवामा पहुँच बढाउनका लागि सातवटै प्रदेशमा भाइरल लोड परीक्षण सेवा विस्तार गर्नुपर्दछ। केन्द्रका निर्देशक डा ठाकुरले एचआइभी सङक्रमितहरूलाई प्राथमिकतामा राखी सिकिस्त सङ्क्रमितक र स्वस्थ सङ्क्रमितहरू केन्द्रित उपचारका सेवाहरू सञ्चालन गर्ने र उपचार कार्यक्रमको प्रभावकारिता निगरानी गर्नका लागि सूचना प्रणालीलाई सुदृढीकरण गरी प्रमाणमा आधारित विभिन्न तहहरूमा उपचारका कार्यक्रमहरू सञ्चालन गर्ने तयारी भइरहेको बताउनुभयो। यस्तै एचआइभी उपचारका औषधिहरूको आपूर्तिलाई प्रभावकारी पूर्वानुमान गरी चुस्तदुरुस्त बनाउने आवश्यक रहेको छ।

**विश्वमा दैनिक तीन हजारभन्दा बढी सङ्क्रमित**

विश्वमा सन् १९८१ मा पहिलो एचआइभी सङ्क्रमित भएदेखि सन् २०२२ को अन्त्यसम्म आठ करोड ५६ लाख व्यक्ति एचआइभीबाट सङ्क्रमित भइसकेका छन् । त्यसैगरी, चार करोड चार लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ । विश्वमा हरेक दिन तीन हजार ६ सय जनामा नयाँ सङ्क्रमित पुष्टि हुने गर्दछ।

सन् २०२२ मा मात्रै करिब छ लाख ३० हजार व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ । जुन सन् २०१० को तुलनामा ५१ प्रतिशतले कम हो । सन् २०१० मा १३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान थियो । नेपालसहित विश्वभर नै डिसेम्बर १ तारिखमा विश्व एड्स दिवस मनाउने गरिन्छ । यस वर्ष 'समुदायको नेतृत्वमा एड्स अन्त्य गरौँ' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रमका साथ विश्व एड्स दिवस मनाइँदैछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## नाम परिर्वतन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१६ गते

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको प्रा.लि. नं. ३२०९६३/०८०/०८१ को साविक पाखा पखेरा मिडिया प्रा.लि. को नाम परिवर्तन भई अब उपरान्त राइज अफ वर्ल्ड मिडिया प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृत प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**राइज अफ वर्ल्ड मिडिया प्रा.लि.**
**मालेपाटन-५ पोखरा महानगरपालिका कास्की, नेपाल**


# सामुदायिक वनमा बढ्दै जंगली जनावर

**पोखरापत्र संवाददाता**
पोखरा, १५ मंसिर

म्याग्दीमा वन फँडानी रोकिएपछि सामुदायिक वन तथा खोरिया घना जङ्गल बन्दै जाँदा जङ्गली जनावरको चहलपहल बढ्दै गएको छ।

समुदायको जिम्मामा रहेका सामुदायिक वनमा काठ दाउरा, घाँस र स्याउला फँडानी रोकिएपछि जिल्लाका सामुदायिक वन हराभरा भएका छन् । वन क्षेत्र हराभरा र घना बन्दै गएपछि जङ्गली जनावर वृद्धि हुनुका साथै पछिल्लो समय ती जनावर गाउँबस्तीमा प्रवेश गर्न थालेका म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोटका टकबहादुर विकले बताउनुभयो।

म्याग्दीको रुम, निस्कोट, ओखरबोट, देवीस्थान, बगरफाँट, गौश्वारा, भकिम्ली, अर्मन, बरङ्जालगायत ७३ वटा सामुदायिक वन अहिले घना जङ्गलमा परिणत भइसकेका जिल्ला वन डिभिजन कार्यालयले जनाएको छ। वन घना बन्दै गएसँगै जङ्गली जनावरको वृद्धि हुन थालेपछि ती जनावर गाउँबस्तीमा प्रवेश गरेर खेतीपाती नष्ट गर्नुका साथै मानिसलाई दुःख दिन थालेका स्थानीयले बताएका छन्।

विसं २०५१ देखि सुरु भएको सामुदायिक वनको अवधारणाअनुरुप समुदायस्तरबाट वनको संरक्षण थालिएपछि वनमा रुख ताथ जनावरको सङ्ख्या वृद्धि हुनुका साथै ग्रामीण रोजगारी तथा विपन्न समुदायको उत्थानमा वन उपभोक्ता समूहले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको जिल्लास्थित सामुदायिक वन उपभोक्ता महासंघले जनाएको छ । डेढ दशकघिसम्म नाङ्गा डाँडा, खोला बगर, सार्वजनिक जग्गा अहिले बाक्लो वनका रुपमा परिणत भएका मालिका-६का तीर्थबहादुर सिउथानीले बताउनुभयो । "पहिले गाईवस्तु चराउने रित्ता पाखा अहिले घना जङ्गलमा परिणत भएका छन्", उहाँले भन्नुभयो, "पहिलापहिला सबै वनमा नै निर्भर रहन्थे । घाँस, दाउरा, स्याउला, काठ सबै वनबाट नै ल्याउनुपर्ने हुन्थ्यो । त्यसैले वन पातलिएकामा अहिले गाउँलेले फँडानी रोकेपछि मौलाएको हो।"

वन जङ्गलमा अहिले कुकाठ मात्रै होइन सुकाठ (दार र फर्निचरका लागि काम लाग्ने काठ) पनि कसैले काट्न नचाहने भएकाले जङ्गली क्षेत्र विस्तार भएको निस्कोट सामुदायिक वन उपभोक्ता समितिका सदस्य रणबहादुर विकले बताउनुभयो । "पहिला रातारात फँडानी हुने वन अहिले हराभरा भएको छ। वनभित्र जङ्गली जनावरको रजगज बढेको छ । मानिस वनमा पस्नै डराउने गरेका छन्", उहाँले भन्नुभयो, "सामुदायिक वनले चरिचरनमा रोक लगाएका छन् । चरिचरन रोकिनुका साथै घाँस दाउरा गर्न गाउँले जङ्गल पस्न छोडेपछि प्राकृतिकरुपमा वन जङ्गल हराभरा हुन थालेका हुन् ।" जिल्लास्थित सामुदायिक वन उपभोक्ता महासङ्घका अनुसार जिल्लाका तीनसय ५० बढी सामुदायिक वनको अवस्था अहिले सुधार हुँदै गएको छ । सामुदायिक वनको आम्दानीले सामाजिक उत्तरदायित्वमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको जिल्ला वन डिभिजन कार्यालयका चन्द्रमणि सापकोटाले बताउनुभयो । "समुदायमा हस्तान्तरण भएपछि वन समृद्धिको आधारका रूपमा अघि बढिरहेका छन्", उहाँले भन्नुभयो, "समुदायले संरक्षण गर्न थालेपछि वन क्षेत्र वृद्धि भएको छ। वातावरणीय सन्तुलन गर्न योगदान पुऱ्याउँनुका साथै गरिबी निवारण, आयआर्जनमा टेवा पुगेका छ ।" सापकोटाका अनुसार पछिल्लो समय नेतृत्व तथा क्षमता विकास, सामाजिक विकास, समावेशी संरचनालगायत नमूना कार्यले सामुदायिक वन क्षेत्र समृद्धिको बलियो आधारका रूपमा स्थापित भइरहेका छन्।

जिल्लामा रहेका वन उपभोक्ता समूहले वनको नजिक र टाढा रहेका सबै उपभोक्तालाई समेट्दै प्राकृतिक स्रोतको समुचित उपयोगमा जोड दिँदै आएको महासङ्घले जनाएको छ। महासङ्घ तथा उपभोक्ता समूहको निर्णायक पदमा महिला, गरिब, विपन्न, आदिवासी जनजाति, अल्पसङ्ख्यक समुदायलाई ५० प्रतिशत सहभागिता सुनिश्चित गरी नेतृत्वमा ल्याउने काम सामुदायिक वनको उत्कृष्ट र सफल अभ्यास रहेको महासङ्घका पूर्व अध्यक्ष देवबहादुर घलेले बताउनुभयो । सामुदायिक वन ग्रामीण महिला तथा विपन्न समुदायका लागि आयआर्जनको माध्यम बनिरहेको छ । वनमा आधारित जडीबुटी तथा वनपैदावर विपन्न समुदायको आम्दानीको प्रमुख स्रोत बनेको छ। जिल्लाका अधिकांश सामुदायिक वनमा जडीबुटी र घाँस खेती हुने गरेकाले विशेष गरी महिलालाई आत्मनिर्भर बनाउन सहज भएको पूर्व अध्यक्ष घलेको भनाइ थियो।

हालसम्म सरकारले सातवटै प्रदेशमा २२ हजार दुई सय २२ वन समूहलाई हस्तान्तरण गरिसकेको छ। देशका कूल सामुदायिक वन समूहमध्ये लगभग ३० प्रतिशत आर्थिकरुपमा कमजोर छन्। कूल वन क्षेत्रको १७ प्रतिशत संरक्षण क्षेत्र बनाउने अन्तर्राष्ट्रिय अभ्यास रहे पनि नेपालमा करिब ४० प्रतिशत वन संरक्षण क्षेत्रको रुपमा छ।

# अझै बनेन चेपेखोला मोटरेबल पुल

**पोखरापत्र संवाददाता**
गोरखा, १५ मंसिर

गोरखा र लमजुङ जोड्ने चेपेखोला मोटरेबल पुल निर्माणमा ढिलाइ भएको छ । दूधपोखरी राजमार्गअन्तर्गत पर्ने गोरखाको सिरानचोक गाउँपालिका र लमजुङको राइनास नगरपालिका जोड्ने चेपेखोला मोटरेबल पुल गत वर्ष नै निर्माण भइसक्नुपर्ने भए पनि अझैसम्म पनि निर्माण सम्पन्न हुन नसकेको ११ किलो भालुस्वाँरा बारपाक सडक आयोजना कार्यालयका प्रमुख अमिन्द्र खड्काले जानकारी दिनुभयो।

आयोजना कार्यालयले विसं २०७७ जेठमा दुई वर्ष छ महिनाभित्रमा निर्माण सम्पन्न गर्ने गरी बिक्वे बिल्ड्र्स प्रालिसँग पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ठेकेदार कम्पनीले विसं २०७९ मङ्सिरभित्रमा पुल निर्माण सम्पन्न गर्नुपर्ने भए पनि अझैसम्म पनि काम सम्पन्न नगरेको उहाँले बताउनुभयो । पुल निर्माणको भौतिक प्रगति आहिलेसम्म ७० प्रतिशतमात्र रहेको कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो । "निर्धारित समयमा काम सम्पन्न गर्न नसकेपछि म्याद थप गरिएको थियो, पहिलोपटक थपिएको म्यादसमेत गुज्रिसकेको छ", उहाँले भन्नुभयो, "थप गरिएको समयमा समेत काम सम्पन्न गर्न सकेन फेरि पनि म्याद थप गर्नुपर्ने अवस्था छ ।" पुलको जग राख्ने, सबस्टक्चर निर्माण गर्ने, पुलको एकातर्फको स्पाम सुपर स्टक्चर निर्माणको काममात्र सकिएको प्रमुख खड्काले बताउनुभयो। "अझै अर्कोतर्फको स्पाम सुपर स्टक्चर निर्माणदेखि बाँध निर्माणको काम बाँकी नै छ, त्यसबाहेक पुलसँग जोडिएको सडकको पहुँचमार्ग पनि ठेकेदारले निर्माण गर्न बाँकी छ", उहाँले भन्नुभयो।

कार्यालय प्रमुख खड्काले ठेकेदारले इमान्दार भएर काम गरे अब म्याद थप भएर आउने समयसीमाभित्र काम सम्पन्न गर्न सक्ने अवस्था रहेको बताउनुभयो। प्रि-स्ट्रेस प्रविधिको उक्त पुलको लम्बाइ ४० मिटर रहेको छ। चेपे पुल निर्माणका लागि आयोजनाले बिक्वे बिल्ड्र्स प्रालिसँग रु सात करोड ६० लाखमा ठेक्का सम्झौता गरेको उहाँले जानकारी दिनुभयो।

# अटोरिक्सा सञ्चालनका लागि रुट

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ मंसिर

म्याग्दीको बेनी नगरपालिकाभित्र अटोरिक्सालाई व्यवस्थितरूपमा सञ्चालन गर्न पहल थालिएको छ । नगरभित्र सर्वसाधारणको सुविधाका लागि नयाँ रुट कायम गरी अटोरिक्सालाई सञ्चालनमा ल्याइएको हो।

नगरभित्र कालोपत्र, ढलान र स्तरोन्नति गरिएका सडकमा यात्रुलाई बोक्न मिल्ने गरी रूट कायम गरिएको हो । बिहीबार नगरप्रमुख सुरत केसीको अध्यक्षतामा बसेको बैठकले बेनपा-४ तातोपानीको पखेर जोड्ने फापरखेतको पुलसम्म, बेनपा-९ गलेश्वरको बेलीब्रिज, बेनपा-६ अर्थुङेको ढलान, बेनपा-२ र ३ को सिमान दूधेखोलासम्म नयाँ रुट तय गरिएको नगरपालिकाका प्रशासकीय अधिकृत युवराज थापाले जानकारी दिनुभयो। अटोरिक्सा कच्ची सडकमा सञ्चालन गर्दा दुर्घटनाको जोखिम बढ्ने भएकाले रुट निर्धारण गरिएको भन्दै रुटबाहेक सञ्चालन गरेमा जरिवाना गरिने नगरपालिकाले जनाएको छ । अटोरिक्साका लागि कायम गरिएका रुटमा नगरपालिकाबाट इजाजत लिएर मात्रै सञ्चालन गरिने बताइएको छ। अटोरिक्सामा सवार गर्दा प्रतिकिलोमिटर रु साढे सात भाडासमेत निर्धारण गरिएको छ।

कच्ची सडकमा यात्रु बोक्दा दुर्घटनाको जोखिमलाई मध्यनजर गरी नियमित अनुगमन गरी रिक्साका चालकलाई सचेत बनाइने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्र पौडेलले बताउनुभयो । नगरपालिकाले अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी कार्यविधि बनाएकाले नियमसम्मत तरिकाले सञ्चालन गर्न चालकलाई अनुरोध गरिएको नगर प्रमुख केसीले बताउनुभयो । उहाँले तोकिएको रुटबाहेक अटो सञ्चालन गरिएमा कारबाही गर्नेसमेत बताउनुभयो।

बेनी नगरपालिकाभित्र १० अटोरिक्सा सञ्चालनको अनुमति भए पनि हालसम्म छवटाको नम्बर कायम गरिएको छ । चारवटाको रुट कामय गरिने नगरपालिकाले जनाएको छ।

# सहस्राब्दी पदमार्गमा विदेशी पदयात्री बढ्दै

पोखरापत्र संवाददाता
गण्डकी, १५ मंसिर

तनहुँको दुलेगौंडाबाट स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर दूरीको नेपालकै एकमात्र मध्यपहाडी क्षेत्रको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)मा विदेशी पदयात्री बढ्न थालेका छन् । भूकम्प, कोरोना महामारीलगायत कारणले सुस्ताएको यहाँको पदयात्रा पर्यटनमा यो याममा भएको विदेशी पदयात्रीको आगमनले उत्साह थपिएको हो । पदयात्राको याम सुरु भएसँगै विभिन्न समूहमा विदेशी पदयात्रीको टोली यस क्षेत्रमा पदयात्रा गरिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो । "यो याम सुरु भएयता विभिन्न समूहमा विदेशी पदयात्री यो पदमार्गमा आइरहेका छन्", उहाँले भन्नुभयो, "विदेशी पर्यटकसँगै आन्तरिक पर्यटकको चाप पनि बढिरहेको छ ।"

समितिले यसअघि सन् २०२० मा न्यूनतम ५० हजार पदयात्री हिँडाउने लक्ष्यका साथ काम थालेकामा कोरोना महामारीको प्रभावका कारण त्यसयता पर्यटकको आगमन हुन सकेको थिएन । तत्कालीन समयमा नेपाल सरकारद्वारा घोषित 'भिजिट नेपाल-२०२०' मा २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य रहेकामा मिलेनियम ट्रेक व्यवस्थापन समितिले उक्त लक्ष्य सार्वजनिक गर्दै पूर्वाधार निर्माणलगायत काममा सक्रियता देखाएको थियो । सहस्राब्दी पदमार्गको समग्र विकास एवं प्रवर्द्धनलाई लक्षित गरी बृहत् गुरुयोजनाअनुसार काम अघि बढाइएको बताउँदै महासचिव गुरुङले गुरुयोजनाअनुसार पदमार्ग क्षेत्रका पर्यटकीय



सम्पदाको पहिचान गर्दै धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण र विकासका साथै पदमार्ग क्षेत्रमा पर्ने रक गार्डेन, चरा पर्यटनका सम्भावना, मिलेनियम गुफा, थुम्काथुम्कीको संरक्षण र उपयोग जोड दिइएको बताउनुभयो । समितिले पदयात्रा पर्यटनको विकासका लागि पहिचान गरिएका क्षेत्र सुनिश्चित गर्दै कृषिलाई पर्यटनसँग जोड्ने लक्ष्य लिएको छ । पदमार्ग क्षेत्रमा पर्यटकको आगमन बढेसँगै यस क्षेत्रमा होमस्टेलगायत पूर्वाधारमा पनि स्थानीयले लगानी बढाइरहेको मिलेनियम भैंसेगौंडा सामुदायिक घरबासका अध्यक्ष एवं मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले रासससलाई बताउनुभयो । पदमार्ग क्षेत्रमा विभिन्न १७ वटा होमस्टे सञ्चालनमा रहेका बताउँदै उहाँले पर्यटकको आगमनले होमस्टे सञ्चालकलाई भ्याइनभ्याइ भएको जानकारी दिनुभयो । यस पदमार्ग क्षेत्रमा मिलेनियम भैंसेगौंडा सामुदायिक होमस्टेसहित वालिङ नगरपालिका-३ स्थित सिङ्गारकोट, बुढाकोट र राम्चे, वडा नं ४ स्थित गहते मनकामना, सुन्तलाबारी, भिरकोट नगरपालिका-५ स्थित केघा, शुक्लागण्डकी-१० स्थित रजस्थल, वडा १२ स्थित घरेडीमा घरबास सञ्चालनमा छन् । त्यसैगरी, स्याङ्जाको पुतलीबजार नगरपालिका-७ स्थित सादीखोला, वडा ११ स्थित राईपुर, वडा १२ का चन्द्रकोट र डाँडागाउँलगायत स्थानमा घरबास सञ्चालनमा आइसकेका कारण पदयात्री र पर्यटकलाई खानबस्नको कुनै असुविधा नहुने मिलेनियम भैंसेगौंडा सामुदायिक घरबासका अध्यक्ष बालकुमार गुरुङले बताउनुभयो । मिलेनियम ट्रेकको प्रवर्द्धनलाई नेपाल पर्यटन बोर्डले पनि प्राथमिकतामा राखेको बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख नवीन पोखरेलले जानकारी दिनुभयो । बोर्डको सहयोगमा पदमार्ग क्षेत्रका विभिन्न स्थानमा गन्तव्य ३५ वटा सङ्केत पाटी राखिएका छन् । पर्यटन बोर्डले चालु आर्थिक वर्षमा यस पदमार्गको प्रवर्द्धनका लागि रु १० लाख र पूर्वाधार विकासमा रु ५० लाख छुट्याएको महासचिव गुरुङले जानकारी दिनुभयो । पर्यटन पूर्वाधार विकासका लागि गण्डकीको प्रदेश पर्यटन मन्त्रालयले रु २० लाख छुट्याएको उहाँले बताउनुभयो ।

पदमार्गअन्तर्गतका अधिकांश स्थानबाट धौलागिरिदेखि अन्नपूर्ण हिमालसम्मका दृश्य एकसाथ अवलोकन गर्न सकिनु यहाँको विशेषता हो । यो पदमार्गमा विश्वका कुनै स्थानमा नपाइने तर नेपालमा मात्र पाइने काँडेभ्याकुर पर्याप्त मात्रामा देख्न सकिन्छ । लोपोन्मुख प्रजातिका गिद्धलगायत धेरै प्रजातिका चरासमेत अवलोकन गर्न सकिने भएकाले यो क्षेत्र चरा पर्यटनका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले जानकारी दिनुभयो ।

पदमार्ग क्षेत्रअन्तर्गत ५२ किलोमिटर क्षेत्रमा जङ्गल पर्ने भएकाले वन, वन्यजन्तु चराचुरुङ्गी अवलोकनका लागि पनि यो क्षेत्र आकर्षक गन्तव्य बनेको छ । पछिल्लो समयमा पदमार्ग क्षेत्रमा वन र वन्यजन्तुको अवलोकन, अध्ययन अनुसन्धानका लागि पनि अध्येताहरू आउने गरेका छन् । पदमार्ग क्षेत्रअन्तर्गत स्याङ्जाको पुतलीबजार नगरपालिका-२ स्थित भैंसेगौंडामा 'प्रकृतिका साथीहरू' नामक संस्थाले वन्यजन्तु अनुसन्धान तालिमसमेत सञ्चालन गर्दै आएको संस्थाका निर्देशक राजुआचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार वन्यजन्तु अनुसन्धान तालिमका क्रममा यस स्थानमा एक सय ७४ प्रजातिका चरा, ५७ प्रजातिका पुतली र १४ प्रजातिका स्तनधारी प्राणी फेला परेका छन् । यस स्थललाई वनस्पति एवम् वन्यजन्तु अनुसन्धानका केन्द्रका रूपमा विकास गर्न सकिने उहाँले बताउनुभयो । तालिममा सहभागीलाई जङ्गलमा रहेका चरा, पुतली एवं स्तनधारी प्राणीको पहिचान, तिनको अनुसन्धान विधिलगायत वन्यजन्तुका विषयमा जानकारी दिने गरिएको उहाँले बताउनुभयो । पर्यावरणलगायत वन्यजन्तु र वातावरणसम्बन्धी अध्ययन तथा अनुसन्धानका लागि यस क्षेत्रलाई आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने देखिएको उहाँले बताउनुभयो ।

# फिस्टेल एकेडेमीको 'फिस्टेल स्पोर्टस् फेस्ट' पुषको पहिलो साता

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

पोखरा महानगरपालिका वडा नं. १७ तल्लो बिरौटामा अवस्थित फिस्टेल एकेडेमी माध्यमिक विद्यालयले 'फिस्टेल स्पोर्टस् फेस्ट' पुषको पहिलो साता आयोजना गर्ने भएको छ ।

बिद्यालय स्थापनाको २९ औं बार्षिकोत्सबको अबसरमा आगामी पुषको पाँच देखि सात गते सम्म उक्त प्रतियोगिता संचालन हुने शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिइएको हो।

प्रतियोगीताको बारेमा जानकारी दिदै उक्त बिधालयका प्रबन्ध निर्देशक एलिस रानाभाटले बास्केटबलतर्फ छात्र तथा छात्रा दुवै र सेभेन ए साइड फुटबलमा छात्र समूह सहभागी हुने गरी गर्न लागिएको उल्लेख गर्नुभयो । सो प्रतियोगितामा देशभरिका विद्यालयहरूले कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरूलाई सहभागी गराउन सक्ने छन् । तीनओटै खेलमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः ७५ हजार, ३५ हजार र २० हजार नगद पुरस्कारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने रानाभाटले जानकारी दिनुभयो ।

लन टेनिसतर्फ छात्र र छात्रा दुवैमा १६ वर्षमुनि, १२ वर्षमुनि र ९ वर्षमुनिका खेलहरू समावेश हुने छन् । लन टेनिस प्रतियोगितामा पनि आकर्षक पुरस्कार रहेको विद्यालयले जनाएको छ । विद्यार्थीहरूमा शैक्षिक विकासका साथसाथै खेलकुदमार्फत उनीहरूको चौतर्फी विकास गराउने उद्देश्यले सो कार्यक्रमको आयोजना गर्न लागिएको कुरा विद्यालयका संस्थापक अध्यक्ष चिनु रानाभाटले जानकारी गराउनुभयो । रानाभाटले प्रतियोगिता सम्पन्न गर्न करिब रू १२ लाख खर्च हुने अनुमान गरिएको जानकारी दिनुभयो । कास्की जिल्ला खेलकुद बिकास समितिका अध्यक्ष तोरण बानियाँले पोखरालाई खेल पर्यटन सहरको रूपमा बिकास गर्न विभिन्न खेल प्रतियोगिता नियमित आबश्यक पर्ने हुदा आबश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विक्रम संवत् २०५१ मा स्थापना भई लामो समयसम्म शिक्षा र खेलकुद क्षेत्रमा ठुलो योगदान पुर्‍याउँदै आइरहेको यस विद्यालयले आफ्नो २९ औं वार्षिकोत्सवको अवसर पारेर सो कार्यक्रमको आयोजना गर्न लागेको हो । एसईई २०७९ मा ४ जिपिए सहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल यस विद्यालयले विगत दुई वर्षदेखि आफूलाई गण्डकी प्रदेशकै एकमात्र प्रगतिशील विद्यालय को रूपमा अगाडि बढाउँदै आएको छ ।

आईबी पिवाईपी प्रस्तावित सो विद्यालयले आयोजना गर्ने उक्त खेलकुद प्रतियोगितामा देशका विभिन्न विद्यालयहरू सहभागी हुने छन् ।

# दुई जिल्ला जोड्ने पुल निर्माण अलपत्र

पोखरापत्र संवाददाता
तनहुँ, १५ मंसिर

तनहुँ र चितवन जिल्ला जोड्ने ठिमुराको पुल निर्माण व्यवसायीको लापरवाहीका कारण अलपत्र बनेको छ । तनहुँको देवघाट गाउँपालिका-५ घिनाटार र चितवनको भरतपुर महानगरपालिका-१ ठिमुरा जोड्ने त्रिशूलीनदीमाथिको पक्की पुल निर्माण व्यवसायीको लापरवाहीका कारण अलपत्र बनेको हो ।

पटकपटक क्षतिग्रस्त भएको पुलको निर्माण अन्तिम चरणमा आएर रोकिएको छ । दुई सय २० मिटर लम्बाइ र ८.५ मिटर चौडाइ भएको उक्त पुल ढलान भइसकेर पनि पहुँचमार्ग तयार नभएको अवस्थामा अलपत्र अवस्थामा रहेको छ । एक दशकअघिदेखि निर्माण सुरु भएको उक्त पुल समयमा निर्माण सम्पन्न नहुँदा यहाँका नागरिकलाई सास्ती भएको छ । पुलको पहुँचमार्ग तयार नहुँदा पैदल हिँडडुल गर्नबाहेक सवारीसाधन गुडाउन मिल्दैन । घिनाटार पक्कीपुल निर्माण उपभोक्ता समितिका संयोजक टङ्कनाथ पौडेलले उक्त पुल निर्माण नसके कानुनी बाटोमा अगाडि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "भरतपुरतर्फको भागमा ठूलो खाल्डो रहेकाले कुनै पनि समयमा दुर्घटना हुन सक्छ । मान्छे हिँड्दा खस्नसक्ने जोखिम उत्तिकै छ । एक साताभित्र उक्त खाल्डो पुरेर सहज नबनाए सडक डिभिजन कार्यालय प्रमुख, प्रमुख जिल्ला अधिकारीसमक्ष जान्छौँ ।" उक्त पुललाई आगामी माघेसङ्क्रान्तिमा उद्घाटन गर्ने आफूहरुको योजना रहेको भन्दै पौडेलले त्यसअघि नै पुलमा यातायात सञ्चालन गर्ने गरी काम सम्पन्न गराउन ध्यानाकर्षण गराइएको बताउनुभयो । पुलको उपभोक्ता समितिको बुधबार बैठक बसेर पुल शीघ्र निर्माण सम्पन्न गर्न सडक डिभिजन कार्यालयमा ज्ञापनपत्र बुझाइएको उहाँको भनाइ छ । तनहुँको देवघाट गाउँपालिका-५ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता पूर्णबहादुर कुँवरले जतिसक्दो चाँडो पुलको आवश्यक संरचना तयार हुनुपर्ने बताउनुभयो । पुल निर्माणका लागि विसं २०७१ कात्तिक २० गते तीन वटा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताअनुसार तीन वर्षभित्र काम सम्पन्न हुनुपर्ने भए पनि काम नसकिएपछि पटकपटक म्याद थप भएको थियो । अन्तिम पटकका लागि विसं २०७८ असार १२ सम्म म्याद थप भएको थियो । त्यस अवधिमा पनि पुलको काम सम्पन्न हुन सकेको छैन । पुलको निर्माण लागत रु १९ करोड १० लाख रहेकामा अहिले बढेर रु २१ करोड ६८ लाख पुगेको सडक डिभिजन कार्यालयले जनाएको छ ।

निर्माणका क्रममा दुई पटक उक्त पुल भत्किएको थियो । त्यसक्रममा तीन जना मजदुरले ज्यान गुमाएका थिए । पहिलो पटक विसं २०७७ चैत २४ गते पुल भत्किँदा मानवीय क्षति भएको थिएन । दोस्रो पटक विसं २०७८ वैशाख १२ गते पुल भत्किँदा काम गरिरहेका तीन जना मजदुरको नदीमा डुबेर मृत्यु भएको थियो ।

# पाँचौ युनिप्स खेल महोत्सवमा एथलेटिक्सका खेल सुरु

पोखरापत्र संवाददाता
पोखरा, १५ मंसिर

पोखरा रंगशालामा जारी पाँचौ युनिप्स खेल महोत्सव अन्तर्गत एथलेटिक्सतर्फका खेलहरु शुक्रबारबाट सुरु भएका छन् । संस्थागत एवं निजी विद्यालयहरुको छाता संस्था युनिप्स नेपालको आयोजनामा जारी प्रतियोगितामा ट्र्याक एण्ड फिल्डतर्फका खेलहरु सूचारु रहेको अध्यक्ष शान्त बहादुर गुरुङले जनाएका हुन ।

शुक्रबार सम्पन्न मावीतह छात्र १०० मिटर दौडमा होली एन्जलका निरज राई प्रथम भएका छन् भने कालिका इङलिश वोर्डिङ स्कुलका शिसिर खडका दोश्रो, वेलननका आयुष मगर तेश्रो तथा शिलसिला इङलिश वोर्डिङ स्कुलका जोन परियार चौथो स्थान प्राप्त गर्न सफल रहे । छात्रा मावि १०० मिटर दौडमा शिलसिला इङलिश वोर्डिङ स्कुलकी सोफिया पौडेल, पिनाकल एकेडेमीकी आरती बानिया, कालिका इङलिश वोर्डिङ स्कुलकी सुस्मिता तिवारी र वेलनन एकेडेमीकी सन्ध्या विक क्रमश पहिलो, दोश्रो,तेश्रो र चौथो भएका छन् । आधारभूत तह कक्षा (१-५) छात्र १०० मिटर दौडमा वेलननका सोहन नेपाली, स्माइल स्मल हेभेन एकेडेमीका अनमोल गुरुङ, गेफका निशान चौधरी, र कालिकाका सिमन थापा मगर क्रमश पहिलो, दोश्रो,तेश्रो र चौथो हुन सफल भए । त्यस्तै छात्रातर्फ क्रमश पहिलो, दोश्रो,तेश्रो र चौथो स्थान हासिल गर्नेमा शिलसिलाकी सोफिया पौडेल, स्माइल स्मल हेभेनकी स्वेच्छा पाहारी, वेलननकी शिवानी पौडेल र कालिकाकी विपिना पौडेल रहेका छन् ।

२०० मिटर छात्र मावितह भएको प्रतिस्पर्धामा कालिकाका शिसिर खड्का पहिलो, वेलननका मनिष केसी दोश्रो, गेफका दिपेश सुनार तेश्रो र होली एन्जलका सुमन परियार चौथो हुँदा छात्रातर्फ वेलननकी सन्ध्या विक, कालिकाकी सुस्मिता तिवारी, पिनाकलकी, आरती वानियाँ र एकताकी ववितापौडेल क्रमश पहिलो, दोश्रो,तेश्रो र चौथो स्थान प्राप्त गरे । त्यस्तै आधारभूत तह कक्षा (१-५) २०० मिटर छात्र दौडमा पिनाकलका एलेक्स तामाङ, कालिकाका रिदम सारु मगर, वेलननका यमन आले, स्माइल स्मल हेभेनका अनमोल गुरुङ तथा छात्रातर्फ होली एन्जलकी श्रेया परियार, गेफकी एन्जल राई, शिलसिलाकी एन्जल गुरुङ र स्माइल स्मल हेभेनकी स्विकृती ढकालले क्रमश पहिलो, दोश्रो,तेश्रो र चौथो स्थान हासिल गरे । खेलकुद महोत्सव अन्तर्गत नै मावी तह छात्र हाइजम्पमा स्माइल स्मल हेभेनका रोशन सुनार, कालिकाका प्रकाश त्रिपाठी, वेलननका प्रिन्स गुरुङ, पिनाकलका दिपेश सुनारले क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथो स्थान प्राप्त गर्दा, छात्रातर्फ कालिकाकी सुस्मिता तिवारी प्रथम, स्माइल स्मल हेभेनकी विभिका अधिकारी दोश्रो, पिनाकल एकेडेमीकी रक्षा घोताने तेश्रो र होली एन्जलकी सम्पदा बरालले चौथो स्थान प्राप्त गरे ।

यसै गरि छात्र मावितह लङ जम्पमा गेफका आयुष दर्नाल, कालिकाका शिसिर खड्का, वेलननका मनिष केसी, स्माइल स्मल हेभेनका समिर पाहारी, छात्रातर्फ वेलननकी सन्ध्या विक, एकता आवाशियकी बविता पौडेल, कालिकाकी शिला तिवारी र पिनाकलकी रक्षा घोताने क्रमश पहिलो, दोश्रो,तेश्रो र चौथो स्थान प्राप्त गरे ।

त्यस्तै आधारभूत तह कक्षा (१-५) तर्फ लङ जम्पमा कालिकाका रिदम सारु मगर, पिनाकलका युनिक गुरुङ, वेलननका अध्यान गुरुङ, होली एन्जलका राज परियार क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथो स्थान प्राप्त गर्दा, छात्रातर्फ स्माइल स्मल हेभेनकी खुसी गुरुङ, वेलननकी नारियम वेगम, होली एन्जलकी अनिशा विक र कालिकाकी सविता तिमिल्सिना क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथो स्थान प्राप्त गरे ।

मावितह सटपुट तर्फ स्माइल स्मल हेभेनका रोशन सुनार, शिलसिलाका सुजल दाहाल, पिनकालका सविन नेपाली र वेलननका प्रिन्स गुरुङले क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथो स्थान प्राप्त गरेका छन् भने छात्रातर्फ शिलसिलाकी स्नेहा चौधरी, कालिकाकी सुस्मिता नेपाली, होली एन्जलकी एलिजेवेथ परियार र पिनाकलकी अंकिता थापा क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथो स्थान प्राप्त गरे ।

त्यस्तै आधारभूत तह कक्षा (१-५) सटपुट छात्रतर्फ होली एन्जलका रन्जित सुनार, कालिकाका रिदम सारु मगर, पिनकलका अदिप नेपाली र वेलननका समिर क्षेत्री क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथो भएका छन् भने छात्रातर्फ कालिकाकी पुजा भुजेल पहिलो, पिनाकलकी जोया चौधरी दोश्रो, वेलननकी नाजीरम वेगम तेश्रो तथा एकता आवाशियकी सपना शर्माले चौथो स्थान प्राप्त गर्न सफल भए ।

प्रतियोगितामा युनिप्समा आवद्ध रहेका १८ विद्यालयका ४ हजार भन्दा बढि खेलाडीहरुले सहभागिता जनाएका छन् । सहभागि विभिन्न खेलका ६ सय खेलाडीहरुलाई पुरस्कृत गरिने भएको युनिप्स सचिवालयका संयोजक शिवहरि सुवेदीले जानकारी दिए । प्रतियोगिता सम्पन्न गर्न करिव १२ लाख खर्च हुने आयोजकले जनाएको छ । प्रतियोगिताको समापन भोली शनिबार हुने युनिप्सका खेलकुद उपसमिति संयोजक विनोद कुमार नेपालीले जनाएका छन् ।

# गोरखामा अनलाइनमार्फत भुक्तानी गर्नेको संख्या बढ्दो

पोखरापत्र संवाददाता
गोरखा, १५ मंसिर

गोरखा जिल्लामा अनलाइन प्रणालीमार्फत विद्युत् महसुल भुक्तानी गर्ने ग्राहकको सङ्ख्या बढ्दै गएको छ । नेपाल विद्युत् प्राधिकरण गोरखा वितरण केन्द्रमा पछिल्लो समय ग्राहकले विद्युतीय माध्यमबाट महसुल भुक्तानी गर्नेक्रम कार्यालय प्रमुख इन्जिनियर चिजकुमार गुरुङले जानकारी दिनुभयो ।

"शाखाअन्तर्गत अहिले ४८ हजार आठ सय ८० हजार ग्राहक रहेका छन्", उहाँले भन्नुभयो, "त्यसमध्ये आधाजसो ग्राहकले अनलाइनमार्फत महसुल भुक्तानी गर्न थालेका छन् ।" धेरै महसुल तिर्नुपर्ने ग्राहकले चेकमार्फत भुक्तानी गर्ने गरेका भए पनि थोरै शुल्क तिनुपर्ने ग्राहकले भने अनलाइन सेवामार्फत महसुल बुझाउने गरेको पाइएको छ ।

शाखाअन्तर्गत जिल्लाका तीन ठाउँमा महसुलको काउण्डर रहेको भए पनि अनलाइन प्रणालीमार्फत भुक्तानी गर्ने ग्राहकको सङ्ख्या बढ्दै गएपछि काउन्टरमा चाप कम हुँदै गएको प्रमुख गुरुङको भनाइ छ । "अनलाइन प्रणालीमध्ये पनि सवैभन्दा इ-सेवाबाट महसुल बुझाउने ग्राहकको सङ्ख्या धेरै छ", उहाँले भन्नुभयो, "यसले कार्यालय र ग्राहक दुवैलाई छिटोछरितो र सहज पनि भएको छ ।"

प्राधिकरणले आफ्ना ग्राहकलाई ई-सेवा, खल्ती, आइएमी पे, बैंक खातालगायतका विभिन्न अनलाइन माध्यमबाट विद्युत्को महसुल तिर्नसक्ने व्यवस्था मिलाउदै आएको छ । अनलाइनको माध्यमबाट विद्युत् महसुल भुक्तानी गर्दा ग्राहकलाई घण्टौं लगाएर गाउँदेखि बजारसम्म आइपुग्नुपर्ने बाध्यतासमेत हटेको प्रमुख गुरुङले बताउनुभयो । "रु ३० को महसुल बुझाउन बारपाकदेखि पाँच सय रुपैयाँ खर्च गरेर सदरमुकाम आउनुपर्ने बाध्यता ग्राहकको रहेको थियो", उहाँले भन्नभयो, "अहिले मोबाइलबाट घरमै बसेर पनि महसुल बुझाउन पाएका छन् ।" यसले ग्राहकहरुको खर्चसमेत बचत हुने उहाँको भनाइ छ । "अनलाइन प्रणालीमार्फत महसुल भुक्तानीका लागि अझै पालिका वा वडावडामा पुगेर सचेतना फैलाउने योजनामा कार्यालयको छ", प्रमुख गुरुङले भन्नुभयो, "ग्राहकलाई अनलाइनमार्फत कसरी भुक्तानी गर्ने भन्नेबारेमा जानकारी पनि छैन हामीले आफू पुगेका बेलामा ग्राहकलाई जानकारी दिने पनि गरेका छौं ।" अनलाइनमार्फत विद्युत् भुक्तानी गर्दा सार्वजनिक बिदाका दिनमा समेत भुक्तानी गर्नसक्ने भएकाले पनि ग्राहकलाई पनि सजिलो भएको उहाँको भनाइ छ ।

"कार्यालयले हरेक दिन बिहान ७ बजेपछि सर्भर अपडेट गरिदिन्छ", प्रमुख गुरुङले भन्नुभयो, "अनलाइनमार्फत भुक्तानी हुन थालेपछि समयमा महसुल उठ्ने गरेको छ ।" अनलाइनबाट महसुल भुक्तानी गर्नेले बिहान ७ बजेदेखि राति १२ बजेसम्म भुक्तानी गर्नसक्ने उहाँले बताउनुभयो । प्राधिकरण गोरखा वितरण केन्द्रमा मासिक करिब रु दुई करोडभन्दा बढी राजस्व सङ्कलन हुने गरेको कार्यालय प्रमुख गुरुङले जानकारी दिनुभयो ।